निर्णय नं १.
विजया दशमी र शुभ दीपावली, २०७६ को उपलक्ष्यमा मेलम्ची नगरपालिकाको तर्फवाट नगरका सम्पूर्ण जनप्रतिनिधीहरु, नागरिकहरु, कर्मचारीहरु लगायत सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो र उक्त शुभकामना सन्देश मेलम्ची एफ.एम. वाट समेत प्रशारण गरी दिनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २.
मेलम्ची नगरपालिका, नगर कार्यपालिकाका सदस्यहरु र नगरसभाका सदस्यहरुको पोशाक तोक्ने सम्वन्धमा पेश हुन आएका नमुनाहरु मध्ये तपशिल बमोजिमको नमुनालाई स्विकृत गरी लागू गर्ने निर्णय गरियो ।
तपशिल
१. पुरुष कार्यपालिका सदस्यहरु र नगरसभाका सदस्यहरुको लागि :-
(क) स्विकृत नमुना वमोजिमको खैरो दौरा सुरुवाल
(ख) स्विकृत नमुना वमोजिमको कालो कोट
(ग) भादगाउंले कालो टोपी
२. महिला कार्यपालिका सदस्यहरु र नगरसभाका सदस्यहरुको लागि :-
(क) स्विकृत नमुना वमोजिमको रातो ढाकाको चौवन्दी चोलो
(ख) स्विकृत नमुना वमोजिमको रातो पारी भएको स्वर्ण (गोल्डेन) रंगको सारी

निर्णय नं ३.
मेलम्ची नगरपालिका वडा नं ११ मा सुविधा सम्पन्न अस्पताल निर्माण गर्नको लागि जग्गादाताहरुवाट ६ रोपनी जग्गा निशुल्क प्राप्त भएको र नपुग हुन आउने २ रोपनी १४ आना जग्गा प्रचलित बजार मुल्य र सरकारी मुल्याङ्कनलाई समेत विचार गरी उचित खरिद मुल्य निर्धारण गरी सिफारिस गर्न कार्यपालिकाको मिति २०७६।०२।०८ को निर्णयानुसार गठन भएको मुल्याङ्कन समितिले निवेदक मेलम्ची न.पा. ११ वस्ने श्री पुण्यप्रसाद दुलालको १ रोपनी ४ आना जग्गा र ऐ. ऐ. वस्ने निवेदक श्री तोयनाथ दुलालको १ रोपनी १० आना जग्गा गरी कुल २ रोपनी १४ आना जग्गा प्रति आना रु १,६०,०००।- का दरले खरिद गर्न सिफारिस गरेकोमा उक्त मुल्याङ्कन समितिको सिफारिस वमोजिम २ रोपनी १४ आना जग्गा रु ७३ लाख ६० हजारमा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ४
मेलम्ची नगरपालिकाभित्र रहेका सुकुम्वासीहरुको समस्या समाधानको लागि हुन सक्ने विकल्पहरु वारे प्रत्येक वडा कार्यालयहरुमा वडाअध्यक्षहरुले छलफल गरी प्राप्त हुन आएका सुझावहरु नगरपालिका कार्यालयमा पेश गर्ने ।

निर्णय नं. ५
मेलम्ची नगरपालिका भित्र २०७२ सालको भूकम्पवाट क्षति भई गुनासो दर्ता गराएका जम्मा २२९३ जना व्यक्तिहरुको राष्ट्रिय पुःननिर्माण प्राधिकरणवाट छुट तथा पुःन नापजांच सर्वेक्षणको टोलीले मिति २०७५।१२।१५ देखि २०७६।०३।१५ सम्म काम सम्पन्न गरेकोमा उक्त नापजांचको क्रममा संलग्न कर्मचारीहरुलाई खाना तथा खाजा खर्च वापतको एकमुष्ठ रकम रु ८१,०००।- परियोजना तथा कार्यक्रम सञ्चालन खर्च शिर्षकवाट दिने निर्णय गरियो ।

निर्णय नं ६
मेलम्ची नगरपालिकाको आउंदो कार्यपालिकाको वैठक अर्को सूचना जारी गर्नु नपर्ने गरी मिति २०७६।०६।२८ गते वस्ने गरी तोक्ने निर्णय गरियो ।

Scanned by CamScanner